नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# लागत साझेदारीमा खाना पकाउनको लागि गुइठा, कृषिजन्य अवशेषको प्रतिस्थापन गरि स्वच्छ ऊर्जा कार्यक्रम सञ्चालनको लागि इच्छुक स्थानीयतहहरुबाट माग संकलन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७७/०६/१६

निवेदन बुझाउने अन्तिम मिति : २०७७/०७/१६ (कार्यालय समय भित्र)

नेपाल सरकारले चालु आ.व. २०७७/७८ मा नेपालका सम्पूर्ण जिल्लामा स्वच्छ ऊर्जाको माध्यमबाट खाना पकाउनको लागि प्रयोग भइरहेको गुइठा/गोबर, कृषिजन्य अवशेष, परम्परागत चुलो, ओदान, अगेनोको प्रतिस्थापन र ऊर्जा नपुगेको क्षेत्रमा स्वच्छ ऊर्जा कार्यक्रम ल्याएको छ ।

यस अन्तर्गत हाल प्रयोग भइरहेको गुइठा, कृषिजन्य अवशेष लगायत कम दक्ष चुलोहरुलाई प्रतिस्थापन गरि लागत साझेदारीमा आधुनिक इन्धन तथा स्वच्छ ऊर्जा प्रविधिहरुको प्रवर्द्धन तथा विस्तारको लागि कार्यक्रम गर्न इच्छुक स्थानीयतहहरु सँगको समन्वयमा आधुनिक इन्धन तथा स्वच्छ ऊर्जा प्रविधिहरु (विद्युतीय चुलो, कम्तीमा तह ३ को सुधारिएको चुलो, ब्रिकेट, पेलेट तथा सो को निर्माण उपकरणहरु आदि) को प्रवर्द्धन तथा विस्तार गर्ने कार्यक्रम रहेको छ ।

माथि उल्लेखित कार्यक्रमका लागि इच्छुक स्थानीयतहहरुबाट तपशिलमा उल्लेखित कागजातहरु सहित निवेदन आह्वान गरिन्छ ।

१. सम्बन्धित स्थानीयतहको निवेदन ।

२. लागत सहभागिता अन्तर्गत सम्बन्धित स्थानीयतहले परिचालन गर्न सक्ने बजेट र सो को प्रतिबद्धता पत्र (यस सम्बन्धी विस्तृत फाराम केन्द्रको वेबसाइट (www.aepc.gov.np) बाट प्राप्तगर्न सकिने) ।

थप जानकारीको लागि

सम्पर्क ठेगाना


वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

जैविक ऊर्जा शाखा

मध्य बानेश्वर, काठमाडौं, प्रदेश नं. ३, नेपाल

पो.ब.नं. १४३६४, फोन नं. +९७७-१४४९८०१३/१४४९८०१४, इमेल:info@aepc.gov.np


Web Page मा upload गरी

circulate

७७/६/१७

..........................गाउँपालिका/नगरपालिकाको कार्यालय

वडा नं. ......................

...................... जिल्ला

मिति : ......................

चलानी नं. .....

पत्र संख्या .....

विषयः लागत साझेदारीमा कार्य गर्ने प्रतिबद्धता सम्बन्धमा ।

प्रस्तुत विषयमा लागत साझेदारीमा तराईका जिल्लाहरुमा खानापकाउनको लागि गुइठा/गोबरको विस्थापन गरि स्वच्छ ऊर्जा कार्यक्रम सञ्चालनको लागियस गाउँपालिका/नगरपालिकाको कार्यालयबाट यस आ.व. ...............मा रकम रु ...............................(अक्षरुपी .......................................................................................) विनियोजन गरिने व्यहोरा जानकारी गराइन्छ ।

| | |
|---|---|
| गा.पान.पाप्रमुख/प्रमुखप्रशासकियअधिकृत | |
| हस्ताक्षरः | |
| नाम: | गाउँपालिका/नगरपालिकाछाप |